# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक १४ | बुटवल | २०८१ पौष २४, गते बुधबार | नेपाल संवत ११४५ | Wednesday Jan 08, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं**

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

**सुपर काइनेटिक कुरियर्स सर्भिस**

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१


## तिब्बत भूकम्पमा कम्तीमा ९५ को मृत्यु



बुटवल । चीनको तिब्बतमा गएको भूकम्पमा कम्तीमा ९५ जनाको मृत्यु भएको छ । चिनियाँ सञ्चार माध्यम सीजीटीएनका अनुसार चीनको सिजाङ स्वशासित क्षेत्रको डिङ्गी काउन्टीमा मंगलबार बिहान गएको भूकम्पमा परी घाइते हुनेको संख्या १३० नाघेको छ ।

मंगलबार बिहान स्थानीय समयअनुसार नेपालको उत्तरपूर्वी सीमानजिकै चीनको सिजाङ स्वशासित क्षेत्रको डिङ्गी काउन्टी केन्द्र भएर भूकम्प गएको हो । भूकम्प मापनसम्बन्धी चीनको आधिकारिक निकाय चाइना अर्थक्वेक नेटवर्क्स सेन्टरका अनुसार स्थानीय समयअनुसार, बिहान ९ बजेर ५ मिनेट जाँदा ६.८ म्याग्निच्युडको भूकम्प गएको हो । भूकम्पको उद्गम बिन्दुगहिराइ १० किलोमिटर रहेको छ ।

सीसीटीभीका अनुसार, भूकम्पको केन्द्रबिन्दुको ५ किलोमिटर आसपासमा ७ वटा गाउँ रहेका छन् । त्यस्तै केन्द्रबिन्दुको २० किलोमिटर आसपासमा भने २ वटा सहर रहेका छन् । भूकम्पका कारण भवनहरू भत्किएको भिडियो र तस्विरहरूसमेत सार्वजनिक भएका छन् । चिनियाँ सञ्चारमाध्यमहरूका अनुसार, भूकम्प प्रभावित क्षेत्रमा राहत र उद्धार टोली खटिइसकेका छन् ।

यूएस जियोलोजिकल सर्भेले उक्त भूकम्पको मापन ७.१ म्याग्निच्युड रहेको जनाएको छ ।

नेपालको राष्ट्रिय भूकम्प मापन केन्द्रले ७ म्याग्निच्युडको भूकम्प गएको जनाएको छ । भूकम्पको धक्का नेपालका विभिन्न जिल्लासँगै भुटानको थिम्पु, भारतको बिहार र बंगलादेशसम्म पनि महसुस भएको जानकारी आएका छन् ।

# पार्टी छाडेकालाई फर्किन एमालेको आह्वान




बुटवल । एमालेले पार्टी विभाजन भएर गएकाहरुलाई फर्किन आग्रह गरेको छ । आइतबारदेखि बसेको केन्द्रीय कमिटीको बैठकले पार्टीलाई निर्णायक शक्ति बनाउने अभियानमा सबैलाई एकजुट हुन आह्वान गरेको हो ।

एमालेका प्रचार विभाग प्रमुख राजेन्द्र गौमतका अनुसार, बलियो एमाले निर्माणबाट मात्रै राष्ट्रिय हित र स्वाभिमानको रक्षा, लोकतन्त्रको सुनिश्चितता र समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षाको परिपूर्ति र समाजवादको लक्ष्य हासिल गर्न संभव भएकाले पार्टीमा फर्कन आव्हान गरिएको हो । निर्णायक राष्ट्रिय शक्ति निर्माणको अभियानलाई सफल बनाउन पार्टी विभाजनलगायतका कारणले पार्टी बाहिर रहेका सबै नेता र स्वतन्त्र ढङ्गले क्रियाशील रहेकाहरूलाई एमालेमा फर्कन आग्रह गरेको उनले बताए ।

**माफी मागे कारबाही फिर्ता**

बैठक समापनमा बोल्दै एमाले अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीले विन्दा पाण्डे र उषाकिरण तिम्सेनालाई गरिएको निलम्बन माफी मागे फिर्ता हुने बताएका छन् ।

केन्द्रीय समिति बैठकमा केही नेताहरूले निलम्बन फिर्ताको माग गरेका थिए । तर बैठक समापनका क्रममा अध्यक्ष ओलीले माफी नमागेसम्म निलम्बन फिर्ता नहुने बताए ।

'सच्चिन तयार भए सोच्न सकिन्छ । गल्ती महशुस हुनु पऱ्यो । त्यतिकै फिर्ता हुँदैन ।'-ओलीले भने । पहिलेदेखि सार्वजनिक रुपमा बोल्दै आएको र निलम्बनको निर्णयपछि पनि मिडियाहरूमा बोल्न नछोडेको पनि उनले बताए ।

**संविधान संशोधन तत्काल हुँदैन**

बैठकमा ओलीले २०८७ सालमा संविधान संशोधन हुने बताए । ओलीले तत्काल संविधान संशोधन नहुने बताएका हुन् । उनले भने-'संविधानमा केही त्रुटि छन्, संशोधन गर्नुपर्नेछ । तर ०८७ मा मात्रै हुन्छ ।' संसदको समीकरणका कारण संविधान संशोधन ०८७ सालमा हुने प्रधानमन्त्री ओलीको भनाइ थियो ।

उनले भने-'हामी अहिले पनि संविधान संशोधन गर्न चाहिने दुई तिहाइ जुटाउने पक्षमा छौं । तर राष्ट्रिय सभाका कारण संभव भइरहेको छैन । संविधान संशोधन त गर्ने नै हो । तर ०८७ मा ।'

## एक वर्षपछि महाधिवेशन गर्ने माओवादी निर्णय




बुटवल । माओवादी केन्द्रीय समिति बैठकले एकवर्षपछि महाधिवेशन गर्ने निर्णय गरेको छ । बैठकले पहिलो छ महिना राजनीतिक अभियान र त्यसपछिको अर्को छ महिनापछि महाधिवेशन गर्ने निर्णय गरेको हो ।

अध्यक्ष पुष्पकमल दाहालको राजनीतिक प्रतिवेदन पारित गर्दै अभियान र महाधिवेशनको समयसीमा तय गरेको हो ।

बैठकमा सहभागी एक केन्द्रीय सदस्यले भने-'६ महिना अभियानमा गएर असारमा केन्द्रीय समिति बैठक आयोजना गरी अहिलेको केन्द्रीय समितिलाई महाधिवेशन आयोजक समितिमा बदलेर महाधिवेशनको तयारीमा जाने अध्यक्षले घोषणा गर्नुभयो । अभियानबाट व्यापक रुपमा जनताको सुझाव आउने भएकाले छ महिने अभियान पनि अन्ततः महाधिवेशनकै तयारी हुनेछ ।'

माघ महिनाभरि अभियानको तयारी गरेर फागुन १ गते 'जनयुद्ध' दिवस मनाएर हुलाकी र पूर्वपश्चिम राजमार्गमा जनतासँग माओवादी अभियान सञ्चालन गर्ने निर्णय बैठकले गरेको छ । त्यस्तै चैतभरि तयारी गरेर बैशाख महिनाभरि हिमाली र मध्यपहाडी क्षेत्रलाई मध्यनजर गरी पार्टी अभियान चलाउने निर्णय भएको छ ।

# स्थानीय तहमा दलित जनप्रतिनिधि खोज्दैछन् निर्णायक भूमिका



**फूलमाया सुनार**

*बुटवल*

नेपालको संविधान र स्थानीय निर्वाचनसम्बन्धी ऐनले हरेक वडामा अनिवार्य दलित महिला सदस्यको प्रतिनिधित्वको व्यवस्था गरेको छ । यसअन्तरगत लुम्बिनी प्रदेशमा १ हजार ६ जना दलित महिला वडा सदस्यमा निर्वाचित भएका छन् । फरक व्यवस्था नभए पनि सोही पदमा निर्वाचित हुने दलित पुरुषको संख्या भने १०८ जना रहेको छ । १ हजार १३८ जना दलित महिलाको प्रतिनिधित्व छ जुन २२.१७ प्रतिशत हो । दलित समुदायबाट एकजना दलित महिला उपमेयर र दुईजना दलित महिला उपाध्यक्षमा निर्वाचित भएका छन् । स्थानीय तहमा यतिधेरै दलित समुदायको प्रतिनिधित्व भए पनि दलित समुदायका लागि देखिनेगरी नीतिगत परिवर्तन गरेको भने देखिन्न । नेकपा एमाले नेता अन्जना बिसुन्के भन्छिन्-'वडा सदस्यमा दलित महिलाको प्रतिनिधित्वले कम्तीमा दलित महिला पनि राज्य सञ्चालन प्रक्रियामा जान्छन् भन्ने देखाएको छ । अब परिवर्तन देखिन कार्यकारी भूमिका निर्वाह गर्ने वडा अध्यक्ष वा पालिकाको मुख्य नेतृत्व अध्यक्ष, उपाध्यक्ष वा प्रमुख उप-प्रमुखमा पनि दलितको प्रतिनिधित्वको व्यवस्था हुनुपर्छ ।'

हुनत, लुम्बिनी प्रदेशको स्थानीय तहका कार्यपालिकामा दलित समुदायका १५८ पुरुष र १७१ महिला गरी ३२९ को प्रतिनिधित्व छ । स्थानीय तहको नीति निर्माण गर्ने, बजेट कार्यान्वयन गर्ने र कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्ने जस्ता कामका कार्यपालिकाको भूमिका निकै महत्वपूर्ण हुन्छ । तर, कार्यपालिकामा मूलतः स्थानीय सरकारको प्रमुख, उपप्रमुख र वडाअध्यक्षको भूमिका निर्णायक हुने गर्दछ ।

ती सबै पदमा गैरदलितको नै बाहुल्यता हुँदा कार्यपालिकामा प्रतिनिधित्व गर्ने दलित समुदायका जनप्रतिनिधि अल्पमतमा पर्ने र आफ्ना सवालले प्राथमिकता नपाउने गरेको भुक्तभोगीहरु बताउँछन् । रुपन्देहीको तिलोत्तमा नगरपालिका कार्यपालिका सदस्य तारा सुनार भन्छिन्-'शैक्षिक अवस्थामा कमी, राजनीतिक अनुभवको अभाव र पर्याप्त मात्रामा संविधान, कानुन, स्थानीय सरकारको दायित्व, जनप्रतिनिधिको भूमिका जस्ता सवालमा ज्ञान भएका कारण दलित महिला जनप्रतिनिधिले निकै अप्ठ्यारा सामना गर्नुपरेको उनको अनुभव छ । त्यसैमाथि केही जानकारले नीति र योजनाबारे बहस गर्दा नसुनीदिने र बेवास्ता गर्ने समस्या छ ।'

धेरै दलित समुदायका राजनीतिक अनुभव नभएका कारण पनि सबैजसो राजनीतिक प्रक्रिया, संवैधानिक, कानुनी र नीतिगत व्यवस्थाबारे बुझ्न गाह्रो हुने गरेको सुनारको अनुभव छ । 'दलित समुदायले गर्व गर्नेगरी काम गर्न जनप्रतिनिधिलाई आवश्यक सहजीकरण चाहिन्छ । स्थानीय तह अनुसार पार्टी र दलित संघसंस्थाले सहजीकरण गर्नुपर्छ । तर, त्यो सहजीकरण पर्याप्त छैन । यसैले अलमलमा छौं-तिलोत्तमा नगरपालिका कार्यपालिका सदस्य सुनारले सुनाइन् ।

दलित समुदायका जनप्रतिनिधि महिलाका कुरा गरौं । उनीहरु, वडामा होस् वा कार्यपालिकामा अल्पमतमा रहेका छन् । त्यसैले दलित महिलाले मात्रै चाहेर धेरै काम हुन नसकेको उनीहरुको अनुभव छ । कतिपय नीति निर्माण, कार्यक्रम तय गर्ने र दलित तथा उत्पीडित समुदायका समस्या हल गर्ने सन्दर्भमा गैरदलित समुदायका जनप्रतिनिधिमा पर्याप्त गम्भीरता देखिँदैन् । रुपन्देहीको बुटवल उप-महानगरपालिका कार्यपालिका सदस्य सुनिता खडलुकले दलित महिला जनप्रतिनिधिले काम गरेनन् भनेर जनप्रतिनिधिकै मानमर्दन गर्ने बताइन् । खडलुक भन्छिन्-'दलित महिला जनप्रतिनिधिले गरेका राम्रा र प्रभावकारी कामबारे चर्चा नै हुँदैन् । दलित महिला जनप्रतिनिधिले काम गर्न सक्ने र काम गर्न पाउने वातावरण नबनेको विषयमा पनि चर्चा हुँदैन । दलित महिलामा जति सकिन्छ काम गरौं भन्ने हुटहुटी छ, तर हामीलाई ठोस जिम्मेवारी तोकिएको नै छैन । यसबारेमा को बोलिदिने ?'

तानसेन नगरपालिका-८ का वडा सदस्य यमकुमारी बौडेल दलित जनप्रतिनिधि सीमान्तीकृत समुदायको आवाजको सारथी बनिरहेको भए पनि त्यसबारे कसैले चर्चा नगरेको बताउँछिन् । उनले उत्पीडित समुदायलाई सेवा दिलाउने काममा भूमिका खेलिरहेकोबारे पनि चर्चा हुनुपर्ने उनले बताइन् । बौडेलले भनिन्- ' पहुँच हुनेखाने र वडा अध्यक्षसँग राम्रो सम्बन्ध भएका व्यक्ति त सहजै वडाध्यक्ष समक्ष पुगेर आफ्नो काम गर्न सक्छन् । तर, कमजोर पहुँच भएका गरिब, निमुखा र उत्पीडित समुदायले दलित महिला जनप्रतिनिधिको सहयोगमा आफ्नो काम गराउन पाएका छन् । यसबारेमा पनि बहस गरिनुपर्छ ।'

दलित महिला जनप्रतिनिधिहरुका भनाइमा महिला र दलित अधिकारका क्षेत्रमा क्रियाशील नेतृत्वबाट पनि पर्याप्त मात्रामा सहयोगी हात पाउन सकेका छैनन् । दलित महिला जनप्रतिनिधिलाई हौसला दिने र साथ दिने समूह नभएका कारण एक्लाएक्लै पर्नेजस्तो परिस्थिति रहेको सबैजसो दलित महिला जनप्रतिनिधिको अनुभव छ । 'न त स्थानीय तहमा काम गर्ने जिम्मेवारी नै दिइन्छ ।

» बाँकी २ पेजमा


**हार्दिक बधाई तथा शुभकामना**



जेसी अर्जुन कुँवर
अध्यक्ष



जेसी रमेश पन्त
कार्यकारिणी उपाध्यक्ष



जेसी किसन पटवा
कार्यकारिणी उपाध्यक्ष



जेसी सिद्धान्त खनाल
उपाध्यक्ष



जेसी अर्जुन क्षेत्री
उपाध्यक्ष



जेसी शम्भु नेपाल
निर्देशक



जेसी हिम ब.खत्री क्षेत्री
निर्देशक



जेसी रेमन्ड विश्वकर्मा
निर्देशक



जेसी सन्जोग थापा
निर्देशक

मिति २०८१ पौष २० गते सम्पन्न **जेसी आइ सिद्धार्थ नेपालको ४९ औं शाखा अधिबेशनबाट बर्ष २०२५ को** लागि हाम्रो एस एम कलेक्सन एन्ड फेन्सी स्टोरका शुभेच्छुकहरु अध्यक्षमा जेसी **अर्जुन कुँवर**, कार्याकारिणी उपाध्यक्षमा जेसी **किशन कुमार पटवा**, जेसी **रमेश पन्त**, उपाध्यक्षमा जेसी **सिद्धान्त खनाल**,जेसी **अर्जुन क्षेत्री**, निर्देशकमा जेसी, **शम्भु नेपाल**, जेसी **हिम बहादुर खत्री क्षेत्री**, जेसी **सन्जोग थापा**, जेसी **रेमन्ड विश्वकर्मा** निर्विरोध निर्वाचित हुनुभएकोमा **हार्दिक बधाई तथा** सृजनशील कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**प्रो. मनिषा पोखेल / सागर पोखेल**

**एस एम कलेक्सन एन्ड फेन्सी स्टोर**

सिद्धार्थनगर-५, बैंक रोड भैरहवा

## सम्पादकीय

# पर्यटक बढाउन पर्यटकमैत्री बनौं

बेलहिया नाकाबाट सन् २०२४ मा ९२ हजार ६ सय पर्यटक आएका छन् । कोभिड महामारीपछि विस्तारै तंग्रिन थालेको पर्यटन क्षेत्रमा उत्साह देखिन थालेको छ । बुद्ध जन्मस्थल लुम्बिनीसहित अन्य पर्यटकीय स्थलको घुमफिरका लागि बेलहिया नाका स्थलमार्गबाट पर्यटक आउने मुख्य नाका हो । स्थलमार्गबाट सबैभन्दा धेरै पर्यटक आउने नाकामा पर्यटकमैत्री पूर्वाधार र व्यवहार नहुँदा पर्यटन क्षेत्रलाई असर पर्न सक्छ ।

नेपाल आउने पर्यटकले यहाँ आउने बित्तिकै सुरक्षा चेकजाँचमा अनावश्यक दुःख दिने र अध्यागमनमा ढिलो प्रक्रियाले सास्ती व्यहोरेका छन् । पर्यटकलाई हार्दिकता र शिष्टाचारले आकर्षित गर्न सकिन्छ । नेपाल छिर्ने बित्तिकै आतिथ्यता राम्रो हुन्छ भन्ने सन्देश प्रवाह गर्न चुक्दा पर्यटक आकर्षित गर्न सकिंदैन । बेलहियामा रहेको अध्यागमन र पर्यटन कार्यालय पर्यटकमैत्री भएनन् भन्ने गुनासो धेरै पहिलेदेखि आएको हो । चर्को गर्मीमा र अत्याधिक चिसोमा अध्यागमन कार्यालयमा पर्यटकलाई विश्राम कक्ष व्यवस्थित गराउँदा मुलुकप्रति नै सकारात्मक सन्देश प्रवाह गर्ने अवसर हो । पर्यटन कार्यालयमा पर्याप्त सूचना सामग्रीको व्यवस्था भएन भन्ने गुनासो पनि नाजायज होइन् । सिद्धार्थनगर नगरपालिकाले डण्डा खोला किनारमा फोहरमैला विसर्जन गर्दै आएको छ । सडक किनारसँगैको डण्डा खोलामा फोहर विसर्जन गर्दा मुलुकको मुहार राम्रो देखिएन् । नेपाल छिर्ने बित्तिकै फोहरको दुर्गन्धले पर्यटकलाई स्वागत गर्नु जत्तिको निर्लज्ज काम अरु हुन सक्तैन् ।

पर्यटकका लागि आकर्षित गर्न बोली व्यवहार एउटा पक्ष हो, अर्कोतिर पर्यटकमैत्री पूर्वाधार हो । फोहरमैला विसर्जन नदी र सडक किनारमा होइन्, दिगो व्यवस्थापन गर्ने गरी फोहरमैला प्रशोधन केन्द्र बनाउन सिद्धार्थनगरपालिका किन चुकिरहेको छ ? नदीलाई फोहरमैलाबाट जोगाउन सक्दा पर्यावरणीय सन्तुलन कायम गर्न सकिन्छ नै, सफा नदी पर्यटकका लागि पनि आकर्षित गर्न सकिन्छ ।

बेलहिया नाका स्थलमार्गबाट धेरै पर्यटक आउने नाका भएकाले पर्यटकमैत्री पूर्वाधार बनाउन अब ढिलाइ गर्न हुन्न । लुम्बिनीको प्रवेशद्वार पनि भएकाले यहाँको पूर्वाधार व्यवस्थापनले सकारात्मक सन्देश प्रवाह हुन्छ । पर्यटकलाई सरोकारवाला कार्यालयका कर्मचारी र प्रहरीले राम्रो बोली व्यवहार गर्ने बित्तिकै नेपालप्रतिकै सकारात्मक धारणा बन्छ भन्ने हेक्का हुनुपर्छ ।

# अटिजम भएका बालबालिकाको लागि समावेशी शिक्षाको महत्व



मल्लिका घिमिरे

*जानेको कुरा भनेर सकारात्मक सोंच फैलाउन र स्वीकार गर्न भनेर प्रेरित गर्न सक्छौँ । अटिजमको बारेमा जनचेतना फैलाउनु र यसलाई आत्मासाथ गर्नु भनेको नै अटिजम भएका बालबालिका र व्यक्तिलाई सहज रुपले समाजमा समावेश हुन सही वातावरण दिनु हो । यसले सकारात्मक परिवर्तन ल्याउने छ । बालबालिका अटिजम भएका बालबालिकाका लागि समावेशी शिक्षाको महत्व अटिजम भएका बालबालिकालाई अन्य बालबालिका सँग खेल्न र साथी बनाउन समावेशी शिक्षाले अवसर दिन्छ । यसले बालबालिकाको सामाजिक कौशलतालाई सुधार गर्न मद्दत गर्छ ।*



अटिजम एक प्रकारको न्योरोडेभलपमेन्टल विकास हो, जस्ले मानिएको सामाजिक र सञ्चार गर्ने क्षमतालाई प्रभावित गर्नुको साथ साथै उनीहरुले गर्न नहुने खालका क्रियाकलापहरु एककोहरी पारा दोहोऱ्याइ तेहऱ्याई गर्ने गर्छन् । आफ्नो इच्छाभएको काम एकदम राम्रो सँग गर्न सक्ने हुन्छन् । यि चुनौती सँगसगै अरु धेरै चुनौतीहरु छन् ।

जसको कारणले गर्दा अटिजमभएकाले विभिन्न प्रकारका व्यवहारहरु देखाउँछन् । अटिजम भएकाले विभिन्न प्रकारका व्यवहारहरु देखाउँछन् । आटिजम बच्चामा आमाको गर्भासयमा हुँदै भएको र यसको लक्षणहरु बच्चाहरुमा सामान्यतया ३ वर्षको उमेर देखा पर्नथाल्छ । अटिजम भएका व्यक्तिहरुलाई विभिन्न प्रकारका चुनौतीहरुको सामना गर्नुपर्छ । यस विषयमा चेतना फैलाउनु निकै जरुरी छ । अटिजम लक्षणहरुको कुरा गर्दा व्यक्तिव्यक्तिमा यसको लक्षण फरक हुन सक्छ ।

**अटिजमका मुख्य लक्षणहरू**

*सामाजिक अन्तरक्रिया गर्न कठिनाइ ।*
*भाषा विकासमा ढिलाइ ।*
*एकै चिजमा अत्याधिक चासो ।*
*रुचिको विषयमा अडिक रहन्छन् ।*
*भावनालाई बुझ्न गाह्रो हुन्छ ।*
*दोहोऱ्याई तेहेऱ्याई कुनै काम गर्ने वा बोल्ने बानीहुन्छ ।*
*एक्लै खेल्नबस्न रुचाउने ।*
*आँखा जुधाएर कुरा गर्न नसक्ने ।*
*दोहोऱ्याउने गतिविधि जस्तै : हल्लाउने ।*
*दौडी रहने, उफ्रिरहने ।*
*परिवर्तन नरुचाउने ।*
*संवेदनशीलताप्रति धेरै प्रतिक्रियाशिलता(ध्वनी, प्रकाश, स्पर्श )*

अटिजमका बारेमा जनचेतना फैलाउन हामी सबैको महत्वपूर्ण भूमिका छ । अरुलाई यसको बारेमा जानेको कुरा भनेर सकारात्मक सोंच फैलाउन र स्वीकार गर्न भनेर प्रेरित गर्न सक्छौँ । अटिजमको बारेमा जनचेतना फैलाउनु र यसलाई आत्मासाथ गर्नु भनेको नै अटिजम भएका बालबालिका र व्यक्तिलाई सहज रुपले समाजमा समावेश हुन सही वातावरण दिनु हो । यसले सकारात्मक परिवर्तन ल्याउने छ ।

बालबालिका अटिजम भएका बालबालिकाका लागि समावेशी शिक्षाको महत्व अटिजम भएका बालबालिकालाई अन्य बालबालिकासँग खेल्न र साथी बनाउन समावेशी शिक्षाले अवसर दिन्छ । यसले बालबालिकाको सामाजिक कौशलतालाई सुधार गर्न मद्दत गर्छ ।

स्कुलको वातावरणमा अटिजम भएका बालबालिकले धेरै कुरा सिक्ने हुनाले समावेशी शिक्षाले बच्चाहरुको विकासमा ठूलो भूमिका खेल्छ । शिक्षक, अभिभावक र सम्बन्धित निकाय मिलेर काम गर्न समावेशी शिक्षाप्रणालीले प्रोत्साहित गर्छ । सबै बालबालिकाहरुमा समान शिक्षाको अवसर दिनु जरुरी भएकाले अटिजम भएका बालबालिकालाई पनि आफूलाई व्यक्त गर्ने स्थान र अवसर दिनुपर्छ । समावेशी शिक्षाले आटिजम भएका बालबालिकालाई भविष्यको लागि हरेक क्रियाकलाप गर्ने तयार पार्दछ ।

**नेपालमा समावेशी शिक्षाको अवस्था**

नेपालको शैक्षिक प्रणालीको महत्व पूर्णपक्ष समावेशी शिक्षा हो । जसले सबै बालबालिकालाई चाहे तिनीहरुका शारीरिक, मानसिक वा अन्य सामाजिक आर्थिक अवस्थाका कारण, शिक्षा पाउने समान अवसर दिन्छ । नेपालमा गरिएको समावेशी शिक्षासम्बन्धी पहिलो प्रयासले हरेक प्रकारका जाति, भाषा र आवश्यकता भएका बालबालिकालाई शिक्षा पाउनका लागि वातावरण सिर्जना गर्न बाटोमा सकारात्मक कदम चालेको छन् ।

समावेशी शिक्षाको लागि सरकारले विभिन्न नीति नियम बनाएता पनि नेपालका स्कुलहरुमा अटिजम भएका बालबालिकालाई अरु सरह अध्ययन गराउन वा समावेश गराउन धेरै चुनौतीहरुको सामना गर्नुपर्छ थोरै विद्यालयहरुले माग अटिजम र समावेशी शिक्षालाई बुझेको र केही विद्यार्थीलाई समावेश गरेको पाइन्छ ।

अटिजमको सचेतना नभएको शिक्षकहरुले सोही अनुसार तालिम नपाएको, शैक्षिक सामग्री तथा पाठ्यक्रमको कमी यी सबै कारणहरुले गर्दा विद्यालयहरुमा बालबालिकालाई समावेशी गर्न गाह्रो भएको छ ।

अटिजम भएका बालबालिकाका लागि समावेशी शिक्षाको महत्व अत्यन्तै ठूलो छ, किनभने यसले उनीहरूको व्यक्तिगत, सामाजिक र शैक्षिक विकासमा सकारात्मक प्रभाव पार्छ । समावेशी शिक्षाले विशेष आवश्यकतासहितका बालबालिकालाई समान अवसर प्रदान गर्दै समानताको भावना विकास गर्न मद्दत गर्दछ । यसका केही प्रमुख महत्वहरू निम्न छन् :

**१. सामाजिक समावेशीकरण**

समावेशी शिक्षा प्रणालीले अटिजम भएका बालबालिकालाई अन्य बालबालिकासँग सामूहिक रूपमा सिक्ने अवसर प्रदान गर्दछ । यसले उनीहरूको सामाजिक सम्बन्ध सुधार्न र संवाद र सहयोग कौशल विकास गर्न मद्दत गर्दछ ।

**२. आत्मविश्वास र आत्मनिर्भरता वृद्धि**

सामान्य कक्षामा सहभागी भएर अटिजम भएका बालबालिकाले आत्मविश्वास बढाउँछन् । समान परिस्थितिमा सिक्न पाउँदा उनीहरूमा आत्मनिर्भरता र जिम्मेवारीको भावना पनि बलियो हुन्छ ।

**३. समान अवसर र समानता**

समावेशी शिक्षाले सबैलाई समान अवसर प्रदान गर्छ । यसले भेदभावलाई हटाउँदै सबै बालबालिकालाई सिक्नका लागि समान वातावरण सिर्जना गर्छ, जुन सामाजिक न्याय र मानव अधिकारको लागि महत्त्वपूर्ण छ ।

**४. सहकार्य र सहानुभूतिको विकास**

सामान्य विद्यार्थीहरूले पनि विशेष आवश्यकतासहितका बालबालिकासँग सहकार्य गर्न सिक्छन् । यसले उनीहरूमा सहानुभूति र विविधता स्वीकार गर्ने मानसिकता विकास गर्न मद्दत गर्छ ।

**५. व्यक्तिगत र शैक्षिक विकास**

अटिजम भएका बालबालिकाको शिक्षण-शिखाइ प्रक्रिया उनीहरूको विशेष आवश्यकतालाई ध्यानमा राखेर गर्नुपर्छ। समावेशी विद्यालयहरूले व्यक्तिगत शिक्षा योजना लागू गरी उनीहरूको सृजनात्मकता र क्षमतालाई निखार्न मद्दत गर्छन् ।

त्यसैले, समावेशी शिक्षा प्रणाली अटिजम भएका बालबालिकाको सम्पूर्ण विकासको लागि एक सशक्त माध्यम हो । यो प्रणालीले उनीहरूको जीवनस्तर सुधार गर्ने मात्र नभई समाजलाई पनि सबैका लागि अधिक समान र न्यायसंगत बनाउँछ । त्यसैले, यसलाई प्रवर्द्धन र कार्यान्वयन गर्न सम्पूर्ण शैक्षिक प्रणालीमा सुधारको आवश्यकता छ ।

(लेखक घिमिरे, अटिजम केयर शोसाइटी लुम्बिनीका विशेष शिक्षक, प्रशासन प्रमुख तथा केयुमा समावेशी र विशेष आवश्यकता विषयमा स्नातकोत्तर अध्ययनरत छन् । )

---

**स्थानीय...**

न कसरी दलित महिला जनप्रतिनिधिले प्रभावकारी काम गर्ने वातावरण बनाउन सकिन्छ भन्ने विषयमा सरकार, राजनीतिक पार्टीले र संघसंस्थाले नै सोच्छन्,' खडलुकले प्रश्न गरिन्-'यस्तो अवस्थामा दलित महिलाले कसरी काम गर्न सक्छन् ?' अथाह समस्याका बिच दलित महिला जनप्रतिनिधिले स्थानीय तहमा प्रभावकारी काम गर्न नसकेको यथार्थबारे व्यापक बहस हुन जरुरी छरहेको र समस्या हल गर्न स्थानीय तहले नै पहल गर्नुपर्ने खडुलको सुझाब छ ।

**जिम्मेवारी नै दिइदैन्**

स्थानीय सरकार सञ्चालन ऐनले वडामा निर्वाचित दलित महिला प्रतिनिधिको जिम्मवारी के हुने भन्ने स्पष्टरुपमा व्याख्या गरेको छैन । स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिको जिम्मेवारी नै नतोकिएको हुँदा दलित महिला जनप्रतिनिधिले के भूमिका निर्वाह गर्ने भन्ने सवाल पनि अष्पष्ट हुने गरेको छ । बुटवल उप-महानगरपालिका-१७ का सदस्य रेखा विश्वकर्मा भन्छिन्-'हामीलाई स्पष्ट भूमिका नतोएिको कारण हामीले काम र क्षेत्राधिकार वडा अध्यक्षको तजबिजमा भर पर्ने गरेको छ । यदि वडा अध्यक्षले स्पष्ट भूमिका नदिने हो भने दलित महिला जनप्रतिनिधि भूमिकाविहीन जस्तै हुनुपरेको अवस्था छ ।'

बुटवल उप-महानगरपालिका वडा नम्बर १९ का सुन्तना परियारको पनि अनुभव उस्तै छ । उनले शिक्षा, सरसफाइ, विकासका कामका अनुगमन गर्ने र वडाको सूचना जनतालाई पुऱ्याउने जस्ता काममा जिम्मेवारी पाएकोर पूरा गर्ने गरेको उनले बताइन् । 'तर, विकास निर्माण, परियोजना अनुगमन र जनताका दैनिक सरोकारका विषयसँग सम्बन्धित कुनै पनि जिम्मेवारी दिइन्न । त्यसैले पनि दलित महिला जनप्रतिनिधिले प्रभावकारी भूमिका निर्वाह गर्न सकेका छैनौं ।'-वडा सदस्य परियारले सुनाइन् ।

लेखक एवम विश्लेषक जेबी विश्वकर्मा ऐन वा कानुनमा ठोस जिम्मेवारी नतोएिको भए पनि दलित महिलालाई वडाले नै नीति बनाएर ठोस कामको जिम्मेवारी दिन सक्ने बताउँछन् । यसरी जिम्मेवारी दिइएको खण्डमा एकातिर दलित महिला जनप्रतिनिधिको जनतासँगको सम्बन्ध बलियो हुन्छ भने कामका आधारमा गरिएको अनुभवले दलित महिला प्रतिनिधिको आत्मबल बढ्नुका साथै राजनीतिक सशक्तिकरण पनि हुँदै जाने उनको सुझाब छ ।

लेखक एवम् विश्लेषक विश्वकर्मा भन्छन्- 'तर, स्थानीय सरकारले दलित महिलाको क्षमता अभिवृद्धि गर्ने, जिम्मेवारी र भूमिका दिएर सशक्तिकरण गर्ने काम भने खासै गरेको पाईदैन । प्रभावकारी काम गर्ने हो र संविधानको मर्म अनुसार भूमिका दिने हो भने दलित महिला प्रतिनिधिको क्षमता विकास र नेतृत्व निर्माणका लागि अनिवार्यरुपमा जिम्मेवारी प्रदान गरिनुपर्छ ।'

दलित महिला जनप्रतिनिधिले काम गरेनन् भनेर टिप्पणी गर्नुभन्दा उनीहरु कस्तो पृष्ठभूमिबाट आएका हुन् भन्नेबारे बुझ्नुपर्ने दलित महिला जनप्रतिनिधिहरु बताउँछन् । चुलो चौकामै समय बिताएका महिला जनप्रतिनिधि भएर आएकाले केही समय सिक्न र बुझ्नमै बितेको उनीहरु बताउँछन् । देवदह नगरपालिका ८ की वडा सदस्य झपिन्द्रा विश्वकर्मा भन्छिन्- 'सुरु सुरुमा त के बोल्ने ? कसरी बोल्ने ? भन्ने सन्दर्भमा अप्ठ्यारो लाग्थ्यो । तर, बिस्तारै हामीले हाम्रा मुद्दा र सवाल पनि छलफलमा समावेश गर्न थालेका छौं ।'

झपिन्द्राले आफ्नो समुदाय र सिमान्तकृत नागरिकको न्यायको पक्षमा बलियोसँग उभिनु पर्छ भन्ने बोध भएको बताइन् । 'हामीले भूइतहमा रहेका महिला र सिमान्तकृत समुदायका पक्षमा धेरै काम गरेका छौं । यद्यपि, क्षमता र रणनीतिको अभावका कारण चाहे जति काम गर्न सकेका छैन । गरेका कामको प्रशंशा गर्दै गर्नुपर्ने कामबारे पनि कुरा भए हुन्थ्यो जस्तो लाग्छ ।'-उनले भनिन् ।

**दलित महिला जनप्रतिनिधिमाथि जातीय विभेद**

जातीय र लैंगिक विभेद अन्त्य गर्ने राज्यको नीतिअनुसार स्थानीय तहका हरेक वडामा दलित महिला जनप्रतिनिधि बन्ने व्यवस्था भयो । तर, कतिपय दलित महिला जनप्रतिनिधि माथि नै जातिय विभेद छ। समाजमा हुने विभेदको पनि उनीहरुले सामना गरिरहनु परेकै छ । शिक्षा र सामाजिक विकासमा अगाडि रहेको बुटवल नै यसको उदाहरण हो । बुटवल उप-महानगरपालिका वडा नम्बर १९ को अघिल्लो कार्यकालको एउटा घटना । वडा अध्यक्ष हिमबहादुर खत्रीको घरमा पूजा आयोजना गरिएको थियो त्यो पूजामा निम्ता पनि दिइयो । वडा सदस्य बिना परियार र छोराछोरी उक्त पूजामा गए । तर उनका छोराछोरीलाई दलित भन्दै आलिको डिलमा छुट्टै राखेर पातमा प्रसाद खान दिइयो । घटनाले जनप्रतिनिधिले नै जातीय विभेदको सामना गर्नुपरेपछि यो घटना त्यही अडिएन । उनले यो कुरा वडामा उठाइन र दुबैपक्षबिच दुई पक्षको सहमतीमा अब यस्तो नगर्ने भनी मेलमिलाप भयो ।

वडामै मेलमिलाप भएपछि न्यायिक समितिमा निवेदन नआएको त्यसबेलाकी न्यायिक समिति संयोजक गोमा आचार्य भन्छिन् -'वडाध्यक्षका घरमै भएको त्यस्तो घटना सामाजिक विभेदको पराकाष्टा थियो । तर, दुवैको सहमतीमा मेलमिलाप गरायौं ।'

बुटवल उप-महानगरपालिका भित्र वडा नम्बर १८को घटना हेरौं । वडाकै बजेटबाट त्यहाँ मन्दिर निर्माण भएको छ, तर मन्दिर उद्घाटन कार्यक्रममा सबै जनप्रतिनिधि जम्मा हुन्छन्, दलित महिला जनप्रतिनिधिलाई स्थानीय अन्य व्यक्तिले किन नगएको भनि प्रश्न गर्दछन् । उनी प्रतिनिधिलाई भने फेसबुकमा लाइभ हेरेपछि मात्रै कार्यक्रमबारे थाहा हुन्छ । यस्ता घटनाले दलित समुदायका जनप्रतिनिधिलाई निकै आघात पर्ने गरेको छ । तीन वर्षअघि निर्वाचित हुँदा रुपन्देहीको बुटवल उप-महानगरपालिका वडा नं. १८ का अन्जु विकलाई धेरै काम गर्न सक्छु उत्साह थियो । तर,तीन वर्षको उनको अनुभव भन्छ-'अवसरले मात्रै नपुग्दो रहेछ, काम गर्ने वातावरण भएन भने हामीले सोंचेजस्तो काम गर्न नसक्ने रहेछौं ।'

लुम्बिनी प्रदेशका पूर्व सांसद दिपा विश्वकर्मा दलित महिला प्रतिनिधिले आफ्नो सरोकार वा मुद्दा उठाउनका लागि सहयोग गर्ने समूह नहुनु ठूलो चुनौती रहेको बताउँछिन् । निर्वाचित दलित महिला प्रतिनिधि कुनै राजनीतिक दलबाटै निर्वाचित भएका भए पनि उनीहरुको क्षमता अभिवृद्धि गर्न वा भूमिकालाई प्रभावकारी बनाउन नत राजनीतिक दलले कुनै सहयोग नगरेको उनको दाबी छ ।'दलित समुदायका महिला जनप्रतिनिधीलाई सशक्त र क्षमतावान बनाउन आवश्यक प्रशिक्षण दिने, प्रोत्साहन दिने र आवश्यक परेको अवस्थामा निरन्तर सहयोग गर्ने विश्वासिलो आधार नभएको कारण दलित महिला प्रतिनिधिले महिला र दलित समुदायका सवाललाई स्पष्ट र सशक्तरुपमा उठाउन नसकेको हो ।'-उनले भनिन् ।

लुम्बिनी प्रदेशका पूर्व सांसद कमला विश्वकर्मा दलित महिला वडादेखि प्रदेशसम्मकै दलित महिला जनप्रतिनिधिको क्षमता अभिवृद्धि गर्न कसैले चासो नदिएको बताउँछिन् । आवश्यक नीति निर्माण गर्न, योजना तथा कार्यक्रम तय गर्न र प्रभावकारी रुपमा कार्यान्वयन गर्न पनि सहयोग गर्नु साटो बरु खिसीट्युरी गर्ने सांसद विकको अनुभव छ ।

स्थानीय तहका जनप्रतिनिधिलाई सशक्त बनाउन सोही स्थानीय तहले नै काम गर्नुपर्छ । स्थानीय तहलाई नेतृत्व विकास तालिम, स्थानीय निकायको काम, कर्तव्य तथा अधिकार र उत्तरदायित्वसम्बन्धी तालिम दिन आवश्यक पर्छ । तर, धेरै स्थानीय तहले यो काम गरेका छैनन् ।

गरिबी र सिमान्तकृत पारिवारिक पृष्ठमूमिबाट आएका दलित जनप्रतिनिधिलाई स्थानीय ऐन, जातीय विभेद र छुवाछुतसम्बन्धी कानुनी व्यवस्था र दलित समुदायका अधिकार र अन्य नीति नियमबारे जानकारी नभएको पनि छ । स्थानीय तहबाट के कार्यक्रम कसरी गर्ने, कार्यक्रम स्वीकृत गर्ने प्रकृया कसरी गर्ने हो भन्ने जस्ता महत्वपूर्ण विषयमा जानकारी गराएको पनि खासै पाइदैन ।

बुटवल उपमहानगर प्रमख खेलराज पाण्डे भन्छन्-'दलित जनप्रतिनिधिका लागि तालिम भनेर त राखेका छैनौ । कार्यपालिकामा दलित समुदायबाट प्रतिनिधित्व गर्ने साथीहरुले पनि विभिन्न योजना ल्याउनुहुन्छ । हामी छलफल गरेर अगाडि बढेका छौं ।' तिलोत्तमा नगरपालिकाका कार्यपालिका सदस्य सुरेन्द्र श्रीले दलित जनप्रतिनिधिका लागि नेतृत्व, व्यक्तित्व विकासका लागि अर्थपूर्ण योजनासहित कार्यक्रम ल्याएको दाबी गरे । तर, यसबारे दलित जनप्रतिनिधि भने बेखबर छन् ।

नेता मीन विश्वकर्मा स्थानीय तहको प्रत्येक वडामा एकजना दलित महिलाको प्रतिनिधित्व हुनै पर्ने व्यवस्थाका कारण दलित महिलाले चुलोचौको, मेलापात, घाँसदाउरा र घरभित्रै सीमित कामबाट राजनीतिक क्षेत्रमा प्रवेश पाउनु नै गौरबपूर्ण भएको बताउँछन् । विश्वकर्माका अनुसार यही कारण स्थानीय तहमा सरकार कसरी सञ्चालन हुन्छ, राजनीतिक नीति निर्माण र निर्णय प्रक्रिया कस्ता हुन्छन्, राज्यको स्रोत साधन र बजेटको बाँडफाँड कसरी हुँदो रहेछ भन्ने सवालबारे बुझ्ने अवसर पाएका छन् ।

सयौं वर्षदेखि राजनीतिबाट बहिस्करणमा पारिएका दलित महिलाको स्थानीय सरकारमा भएको प्रतिनिधित्वले समुदायमा एक किसिमको आशाको संचार गराएको छ । नेता विश्वकर्मा भन्छन्-'यति ठूलो संख्यामा दलित महिला निर्वाचित भएर स्थानीय तहमा प्रतिनिधित्व हुने कुरा आफैंमा ऐतिहासिक छ । निर्वाचितमध्ये केही प्रतिशत दलित महिला जनप्रतिनिधिले मात्रै समुदाय र आम जनताको मुद्दामा प्रभावकारी काम गर्न सके भने यसले सामाजिक रुपान्तरणमा पनि निकै महत्वपूर्ण भूमिका खेल्न सक्छ । अरुलाई सिकाउँदै जानुपर्छ ।'

# अव्यवस्थित पार्किङ्ले आवागमनमा अवरोधः बीएमजी




**मोहम्मदहबिब**

*भैरहवा*

पर्यटन नगरी सिद्धार्थनगरको सौन्दर्यतामा वास्ता नगरेको भन्दै बीएमजी ग्रुपले अग्रसरता देखाएको छ । भैरहवा क्षेत्रको अग्रज वर्ग र नागरिक समाजहरुको समूह भैरहवा मर्निङवाक ग्रुपले बुद्ध जन्मस्थल लुम्बिनीको प्रवेशद्वार सिद्धार्थनगरमा अव्यवस्थित पार्किङ् समस्या, ओभर स्पीड, निर्माण सामग्रीले सडक ओगट्ने जस्ता समस्या रहेको भन्दै समाधानकालागि जिल्ला ट्राफिक प्रहरीलाई ध्यानाकर्षण गराएको छ ।

बिहानी समयमा स्वास्थ्यकालागि हिंड्नुको अलावा जनताले पाउने सेवा सुविधा छिटो छरितो र पारदर्शी ढंगले सञ्चालन होस् भन्ने उद्देश्य लिएर समूहले समय समयमा जनतासँग प्रत्यक्ष सरोकार राख्ने निकायमा सचेतना दिँदै आएको भैरहवा मर्निङ्गवाक ग्रुप (बीएमजी) समूहले जिल्ला ट्राफिक प्रहरी कार्यालयमा पुगेर लुम्बिनीको प्रवेशद्वार र हजारौं पर्यटक आउने यो नगरमा अव्यवस्थित पार्किङले नगरको शोभा नै गुमेको र सर्वसाधारणको आवागमनमा अवरोध उत्पन्न भएको भन्दै यथासिघ्र समस्या समाधानकालागि पहल गर्नुपर्ने अध्यक्ष विजयगोविन्द श्रेष्ठले बताए ।

श्रेष्ठले नगरका देवकोटा चोक र बुद्धचोकमा रहेका ट्राफिक लाइट नियमित सञ्चालन गर्न, सडक आधा ओगटिने गरी बजारमा गरिने पार्किङ् व्यवस्थित गर्न माग गरे । सधैं एउटै साइडमा मात्र पार्किङ् हुँदा व्यवसायमाथि नै गम्भीर असर परेको भन्दै उनले बजार क्षेत्रमा ओभर स्पीडमा बाइकहरु कुद्ने गरेकोतर्फ पनि ध्यान दिन आग्रह गरे ।

जेब्राक्रसिङ्गमा हिंडेर सडक पार गर्न समेत ओभरस्पीडका कारण खतरा रहेको अध्यक्ष श्रेष्ठले औंल्याए । निवर्तमान अध्यक्ष वनमाली निराकारले सिद्धार्थनगरलाई कसरी सुन्दर बनाउने भनेर मर्निङवाक ग्रुपले सरोकारवाला निकायहरुको ध्यानाकर्षण गराउँदै आएको बताए ।

जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रहरी निरीक्षक रञ्जु केसीले स्थानीय बासिन्दाका हिसाबले देखेका समस्या उठाएकोमा धन्यवाद दिँदै ट्राफिक प्रहरीले गर्न सक्ने काम तत्काल गर्ने जानकारी दिइन् । 'कतिपय कामहरु सडक विभाग, नगरपालिका र प्रशासनसँग समन्वय गर्ने खालका देखिन्छन्, सरोकारवाला कार्यालयहरुसँग समन्वय गरेर हरसंभव समस्या समाधान गर्न पहल गर्छौं ।'-केसीले भनिन् ।

उनले ओभरस्पीड नियन्त्रण गर्न राडार गनबाट अनुगमन भैरहेको जानकारी दिँदै प्रहरीको आँखा छलेर स्पीड बढाउने गरिएको हुनसक्ने बताइन् । समूहले सिद्धार्थनगरलाई सुन्दर, स्वच्छ, हराभरा र आकर्षक शहर बनाउन २०७१ सालदेखि नै सचेत गराउँदै आएको छ ।

यस अघि समूहले फोहोर, छाडा चौपायाव्यवस्थापन, विधुतको विषयमात्यस्तै सिद्धार्थनगर नगरपालिका, मेडिकल कलेजलागयतको सेवामूलक क्षेत्रमा पनि गुणस्तरीय सेवा दिनकालागि सरोकारवालानिकायलाई सचेत गराउन ध्यानाकर्षण गराउँदै आएको छ । यहाँका समस्या, विकृतिहरुको पहिचान गर्दै सम्बन्धित संघ सस्था र सारेकारवाला निकायलााई ध्यानाकर्षण गराउँदै आएको छ ।

# रुद्रपुर माध्यमिक विद्यालयको स्वर्णमहोत्सव

कञ्चन । रुपन्देहीको कञ्चन गाउँपालिका वडा न. ४ अस्नैयास्थित रुद्रपुर माध्यमिक विद्यालयको "विना शिक्षा अध्यारो समाज, घर-घरमा पुऱ्याऔं प्राविधिक शिक्षाको आवाज" भन्ने मूल नाराका साथ स्वर्णमहोत्सव सरु भएको छ । स्वर्णमहोत्सवको उद्घाटन लुम्बिनी प्रदेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकालले गरेका छन् ।

विद्यालय स्थापनाको ५०औं वर्ष पूरा भएको अवसरमा आयोजना गरिएको ४ दिने स्वर्णमहोत्सवको उद्घाटन गर्दै मन्त्री ढकालले शिक्षाको विकास नै समाज विकासको मूल आधार भएको उल्लेख गरे । शैक्षिक प्रगतिका लागि सबै एकजुट हुनुपर्ने बताउँदै मन्त्री ढकालले भने-"यो विद्यालय एउटा रुखको छहारीबाट सुरु भएर आज ५० वर्षमा पुग्दैछ, यो ५०औं वर्षमा यस विद्यालयले अनेकौं आँधीहुरी सहन परेको छ । अनेकौं दुःख कष्टहरूलाई र समस्याहरूलाई झेल्दै आज यो चरणमा आइपुगेको छ, म यो विद्यालयलाई शुभकामना दिन चाहन्छु ।" यस विद्यालयले शिक्षाको क्षेत्रमा महत्वपूर्ण फड्को मार्न सकोस् र रुद्रपुर माविको अलग्गै पहिचान बनाउन सफल होस् र शिक्षाको क्षेत्रमा एउटा महत्त्वपूर्ण कोशेढुङ्गा सावित हुनेगरी यसले आफूलाई अगाडि बढाउन सकोस् भन्दै मन्त्री ढकालले शुभकामना व्यक्त गरेका थिए ।

स्थापनाकालदेखि अहिलेसम्म विद्यालयको यो अवस्थासम्म ल्याउन अतुलनीय योगदान गर्ने अग्रज, अभिभावक, विद्यार्थी, शिक्षक तथा शुभेच्छुहरू प्रतिपनि मन्त्री ढकालले धन्यवाद व्यक्त गरेका थिए ।

कृषिसँग जोडिएर कृषि प्राविधिकधारको शिक्षालाई अगाडि बढाउन र गाउँगाउँमा कृषिको आधुनिकरण गर्ने, कृषिको विकास गर्ने हुँदा आफ्ना सन्ततिहरूले कृषिको बारेमा जरैदेखि बुझेर भोलि हाम्रो कृषि प्रधान देशलाई अझैं अगाडि बढाउन र कृषिमा आत्मनिर्भर बनाउन कृषि प्राविधिक शिक्षा सञ्चालनको उद्देश्यलाई पूरा गर्न विद्यालयसँगसँगै रहेर प्रयत्न गर्ने प्रतिबद्धता उनले जनाए ।

स्वर्णमहोत्सव मूल समारोह कार्यक्रमका विशिष्ट अतिथि तथा कञ्चन गाउँपालिकाका अध्यक्ष नवराज ढकालले शिक्षाको क्षेत्रमा भौतिक पूर्वाधार सम्पन्न गर्न र शैक्षिक गुणस्तरलाई अभिवृद्धि गर्ने गरी दुईवटा कार्यक्रमहरूसँगै लगेको स्मरण गर्दै आफू गाउँपालिका अध्यक्ष भइसकेपछि यस विद्यालयमा दुई कोठे भवन निर्माणको लागि बजेट व्यवस्थापन गरेको बताए । स्थानीय सरकारसग पर्याप्त बजेट नभएको हुँदा ठूला योजनाहरू ल्याउनको लागि प्रदेश सरकार र संघीय सरकारसँग सहकार्य गर्दै आइरहेको समेत अध्यक्ष ढकालले बताए । विद्यालयको पूर्व शिक्षक समेत भएर विद्यालय र यस क्षेत्रको सेवा गर्ने अवसर समेत पाएको स्मरण गर्दै अध्यक्ष ढकालले समाजलाई समाज र चेतनशिल बनाउन शिक्षा अनिवार्य विषय भएको र चेतनशिल समाजले मात्र विकास के हो भन्ने कुराको विश्लेषण गरेर भइरहेको विकासको दिगोपनमा ध्यान दिने जनाए ।

विद्यालयका प्रधानाध्यापक डोलाराम पौडेलले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै प्रधानाध्यापक पौडेलले विद्यालयको स्वर्णमहोत्सवले हरेक अभिभावक, शिक्षक, विद्यार्थी, शिक्षाप्रेमी, स्थानीयहरुमा प्राविधि शिक्षा सञ्चालनप्रतिको आकर्षण र उत्साह बढेको बताए ।

स्वर्णमहोत्सवको अवसरमा प्राविधिक शिक्षा सञ्चालनका लागि घर-घरमा अभियान सञ्चालन गर्दा शुभेच्छुकहरुबाट प्राप्त भएको आर्थिक, भौतिक, नैतिक सहयोग, सदभाव र सहकार्यप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै प्राविधिक शिक्षा सञ्चालनका लागि पालिका, प्रदेश हुँदै संघीय सरकारसँग आवश्यक पहलका लागि जनप्रतिनिधिहरु समक्ष प्रधानाध्यापक पौडेलले आग्रह समेत गरेका छन् ।

कार्यक्रममा पूर्व विद्यार्थी समाजको पहल तथा पूर्व विद्यार्थी ज्योति विकास बैंकका सि.ई ओ. कपिल ढकालको नेतृत्वमा प्राप्त भएको स्मार्ट तथा डिजिटल बोर्ड ज्योति विकास बैंक मुर्गिया शाखाका प्रबन्धक कपिल न्यौपानेले विद्यालयका प्रधानाध्यापक डोलाराम पौडेल र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चिरञ्जीवी खनाललाई हस्तान्तरण गरेका थिए ।

विद्यालयका सहायक प्रधानाध्यापक ध्रुव पौडेलले विद्यालयको स्वर्णमहोत्सवले शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक तथा शिक्षा प्रेमीहरुमा उर्जाशिल बनाएको र विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन गर्ने अभिभावकहरुको इच्छालाई विद्यालयको तर्फबाट पूरा गर्न हरदम प्रयासरत रहने प्रतिबद्धता व्यक्त गर्दै त्यसका लागि आगामी दिनहरुमा पनि सबैपक्षको सहयोग र सहकार्यको अपेक्षालाई साथ दिने विश्वास व्यक्त गरेका थिए ।

विद्यालयका शिक्षक गोपाल पौडेलको सञ्चालनमा भएको कार्यक्रममा कार्यपालिका सदस्य चित्रलाल तुलाचन, राजनैतिक दलहरुको तर्फबाट नेपाली कांग्रेसका देवीराम रेग्मी, सामुदायिक विद्यालयहरुको तर्फबाट हरैया माध्यमिक विद्यालयका प्रधानाध्यापक तथा पूर्व विद्यार्थी मेघनाथ पौडेल, शिक्षक महासंघको तर्फबाट विद्यालयका पूर्व सहायक प्रधानाध्यापक प्रकाश आचार्य, सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघको तर्फबाट मेघनाथ पौडेल, सामुदायिक वनहरुको तर्फबाट रुद्रपुर सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष हिमाल थापा, हरैया बहुमखी क्याम्पस सञ्चालक समितिका अध्यक्ष टीकाराज गिरी, पूर्व विद्यार्थी समाज, रुद्रपुर मा.वि.का अध्यक्ष डा. सुमन आचार्यलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

विभिन्न संघसंस्था, विद्यार्थी तथा टोल विकास संस्थाहरुद्वारा स्थानीय झाँकीसहित सांस्कृतिक ऱ्याली (प्रभातफेरी) सहित सुरु भएको स्वर्णमहोत्सवमा १ लाखभन्दा माथि आर्थिक तथा भूमिदान गर्ने दाताहरु, पूर्व प्रधानाध्यापक, विद्यालयका संस्थापक, पूर्व प्रधानाध्यापकहरुलाई सम्मान गरिएको थियो ।

कक्षा १२ सम्म नेपाली र अंग्रेजी दुबै माध्यमबाट पढाइ हुने रुद्रपुर माध्यमिक विद्यालयमा हाल ७०० जना विद्यार्थी अध्ययनरत छन् ।

कार्यक्रममा लुम्बिनी प्रदेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकालले विद्यालयको स्वर्ण स्तम्भको अनावरण र स्मारिका पत्र रुद्रपुर दर्पण लोकार्पण समेत गरेका थिए ।

# फागुन ६ देखि ७औं स्याङ्जा महोत्सव



स्याङ्जा । स्याङ्जा जिल्ला उद्योग वाणिज्य संघ स्याङ्जाले फागुनमा ७औं स्याङ्जा महोत्सव आयोजना गर्ने भएको छ । १३ दिन सञ्चालन हुने ७औं स्याङ्जा महोत्सव फागुन ६ गतेदेखि १८ गतेसम्म हुने छ । ७औं स्याङ्जा महोत्सवको तयारीका लागि स्याङ्जा जिल्ला उद्योग वाणिज्य संघले सचिवालय स्थापना गरेको छ ।

महोत्सवलाई भव्यरुपमा सफल बनाउन संघकै कार्यालयमा सचिवालय स्थापना गरिएको आयोजकले जनाएको छ ।

महोत्सव सचिवालयको उद्घाटन गर्दै नेपाल उद्योग वाणिज्य महासंघका पूर्व केन्द्रिय सदस्य दीपक लम्सालले महोत्सव सफल बनाउन सबै स्याङ्जावासीको साथ सहयोग आवश्यक रहने बताए । यसका लागि संघका सबै पदाधिकारीहरु सहकार्य गर्दै अघि बढ्न लम्सालले आग्रह गरे । छैठौं महोत्सवसम्मको अनुभव लिंदै ७औं महोत्सव सफल बनाउन जिम्मेवारी बहन गर्दै अगाडि बढ्न आयोजकलाई लम्सालले सुझाए ।

सचिवालय उद्घाटनमा गण्डकी प्रदेश उद्योग वीणज्य महासंघका कोषाध्यक्ष नवराज सुवेदी, च्याम्बर अफ कमर्शका अध्यक्ष लोकनाथ रेग्मी, नागरिक समाजका अध्यक्ष ओमप्रकाश शर्मा लगायतले जिल्लाको पहिचान गराउने अवसरका रुपमा रहेको महोत्सवलाई सबैले आ-आफ्ना क्षेत्रबाट सहयोग गर्ने प्रतिबद्धता जनाए ।

स्याङ्जा जिल्ला उद्योग वाणिज्य संघ स्याङ्जाका अध्यक्ष महादेव श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन महासचिव रविन केसीले गरेका थिए ।

उद्योग वाणिज्य संघले आयोजना गर्न लागेको महोत्सव पुतलीबजार नगरपालिका १ स्थित खेलमैदानमा हुने छ । प्रदेशस्तरीय कृषि, पर्यटन, औद्योगिक व्यापार मेलामा स्याङ्जालाई चिनाउने महोत्सवका रुपमा रहने आयोजकले जनाएका छन् ।

महोत्सवलाई सफल बनाउन संघका वर्तमान तथा पूर्व पदाधिकारी एवं पूर्वसदस्यसहित विभिन्न उप-समितिका सदस्यबिच महोत्सवबारे छलफल एवं अन्तरक्रिया गरिएको संघका अध्यक्ष श्रेष्ठले बताए । ७औं स्याङ्जा महोत्सव जिल्लाको पहिचानसँग जोडिएकाले सबैको सहकार्य, सह-अस्थित्व र सुझावकै आधारमा आयोजक अगाडि बढ्ने अध्यक्ष श्रेष्ठले जनाए ।

# जलपन्छीको प्रजाति र संख्यामा कमी

नवलपुर (नवलपरासी) । यस वर्ष चितवन राष्ट्रिय निकुञ्ज हुँदै बग्ने नारायणी र राप्ती नदी आसपासका सिमसार क्षेत्रमा जलपन्छीको प्रजाति र संख्यामा कमी आएको छ ।

सोमबारदेखि सुरु भएको जलपन्छी गणनाअन्तर्गत चरा गणनामा संलग्न निकुञ्जका मध्यक्षेत्र संयोजक एवं चराविज्ञ मनेष लिम्बूले विगतमाझैं चराको प्रजाति र संख्या नभेटिएको बताए । "अघिल्लो वर्ष जलपन्छी गणनामा ४७ प्रजातिका चरा भेटिएका थिए", उनले भने-"यस वर्ष २८ प्रजातिको मात्र चरा भेटिए ।" साना चराको संख्यासमेत थोरै भेटिएको उनको भनाइ छ ।

विगतमा गणना गरिएको जुरे हुटिट्याउँ, चित्र दङ्गालगायत जलपन्छी यसपटक नभेटिएको उनले जानकारी दिए । "चखेवा र खोया हाँसको संख्या भने विगतमाझैं भेटिएको छ ।"-उनले भने । नदीमा बढेको प्रदूषणका कारण यस क्षेत्रमा जलपन्छी न्यून आएको हुनसक्ने उनले बताए ।

गणनाको केही दिन अगाडि निकुञ्ज क्षेत्रमा पहिलोपटक 'कालो टाउके लेक चरी' भेटिएको थियो । "यसअघि यो चरा हामीले निकुञ्ज क्षेत्रमा कहिल्यै भेटेका थिएनौं", लिम्बूले भने-"दुई हप्ता अगाडि भेटिएको यो चरा चितवनका लागि नयाँ प्रजाति हो ।" हाल उत्तरी ध्रुव, रुस, चीन, मङ्गोलियालगायत अत्यधिक चिसो क्षेत्रबाट जाडो छल्न र खानेकुराको खोजीमा विभिन्न ताल, तलैया, नदी र जङ्गलमा चरा आउने उनले बताएका छन् ।

निकुञ्जको पश्चिमी क्षेत्र र नवलपुरका तालतलैयामा भने पुस २७ गतेमात्र जलपन्छी गणना गर्ने तयारी गरिएको संयोजक डिबी चौधरीले जनाए ।

विभिन्न सङ्घसंस्थासँगको सहकार्यमा देशभरका ताल, तलैया, नदी र सिमसारमा पाइने जलपन्छीको संख्या, प्रजाति र बासस्थानको अवस्थाबारे जानकारी लिन यस वर्षको गणना यही पुस २० गतेबाट माघ ६ गतेसम्म सञ्चालन हुने चौधरीले बताए ।

## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

प्युठान जिल्ला बादीकोट गा.वि.स. वडा नं. ०७ स्थाई ठेगाना भई हाल प्युठान जिल्ला, झिमरुक गा.पा. वडा नं. ०२, बस्ने श्री नाम थाहा नभएकाको नातीनी श्री तकमान खत्रीको छोरी श्री धोज बहादुर खड्का भन्ने भोज बहादुर खड्का को पत्नी बर्ष ८३ की श्रीमती भेष कुमारी खड्का भन्ने भेष कुमारी खड्का क्षेत्री (नागरिकता नं. १८७ जि.प्र.का प्युठान मिति २०४३/०९/०४ मा जारी) को मिति २०८१/०४/३० गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०५१६२ मा भएको रकम भुक्तानी पाउँभनि निजको छोरा श्री इश्वर बहादुर खड्का क्षेत्रीले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्रीमती भेष कुमारी खड्का भन्ने भेष कुमारी खड्का क्षेत्री (नागरिकता नं. १८७ जि.प्र.का प्युठान मिति २०४३/०९/०४ मा जारी) नामको खातामा यस बैंकमा रहेको र कममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

नेपाल NEPAL

**नेपाल एसबिआई बैंक लि.**
**गुल्मी शाखा, गुल्मी**
फोन ०७९-५२१०२९, फ्याक्स ०७९-५२११९४

## आवश्यक कागजात हराएको सूचना

मेरो निम्न व्यहोरा भएको नेपाली नागरिकताको प्रमाणपत्र, पेन्सन पट्टा लगायत अत्यन्तै आवश्यक कागजातहरु यही मिति २०८१।०७।२५ गते बुटवलदेखि तिलोत्तमा जाने क्रममा हराएको हुँदा भेट्टाउनु हुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा तलको निम्न ठेगाना सम्पर्क गरिदिनुहुन अनुरोध छ ।

**नागरिकताको नामः-** अमृता देवी सुवेदी
**पेन्सन पट्टाको नामः-** अम्बिका देवी
**ठेगानाः-** दिगाम-४, गुल्मी
**नागरिकता नं.ः-** ७९६१
**पेन्सन पट्टा नं.ः-** ps- १७८६
**सम्पर्क नं.ः-** ९८५७०३५३३१

## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.को बिमालेख यही मिति २०८१।०७।२८ गते सुनवलदेखि परासी जाने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला ।

**नाम :** सुमिना लामिछाने चौधरी
**ठेगाना :** रामग्राम-३, नवलपरासी
**बिमालेख नं. :** २५११२००६३
**सम्पर्क :** ९८४०३४३८६२

ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी



विशाल सेनेटरी

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

सीताराम सफा सेनेटरी

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् ।

लोडसेडिङ्को बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

तिनाउ सेनेटरी

बुटवल-१०, सुखानगर, रुपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# अर्जै माविमा पहिलो महिला प्रधानाध्यापक



गुल्मी। गुल्मीको मालिका गाउँपालिका ६ अर्जै पोखराबारीमा रहेको अर्जै माध्यमिक विद्यालयको झण्डै ७० वर्षको इतिहासमा एक जना महिलाले पहिलो पटक महिला प्रधानाध्यापक भएर इतिहास रचेकि छन्।

त्यस विद्यालयकि पूर्व विद्यार्थीसमेत रहेकी सम्झना विष्टले प्रधानाध्यापक भएर इतिहास रचेकि हुन् ।

छापाहिले माइती घर भई अर्जै राम्चे निवासी विष्ट २०६६ सालमा निमावि राहत दरबन्दीमा नियुक्ति पाएकी थिइन । सोहि तहमा २०७२ साल पौषसम्म अर्जै माविमै रहेकी विष्ट २०७२ माघमा मावि तह शिक्षकमा बढुवा भएपछि उनी सोही महिनादेखि सोही वर्षको चैत्रसम्म पृथ्वी मावि पुर्कोटदहमा पढाएकि थिइन ।

२०७२ साल बैशाखमा अर्जै माविमा आएकी विष्ट २०७३ सालसम्म सोही विद्यालयको निमित्त प्रधानाध्यापक भएकी थिइन । २०७९ साल असार १५ गते अर्जै माविको प्रधानाध्यापकमा नियुक्ति पाएकि विष्टले यही पुस २२ र २३ गते सम्पन्न त्यस विद्यालयको ७९औं वार्षिकोत्सवमा पहिलो महिला प्रधानाध्यापकको हैसियतले वार्षिक प्रतिवेदन पेश गरिन ।

कक्षा ६ देखि एसएलसी पास गर्ने बेलासम्म अर्जै माविमै पढेकी विष्टले रेसुङ्गा बहुमुखी क्याम्पस तम्घासबाट कक्षा १२ उत्तीर्ण गरेकि थिइन।

काठमाडौं ताहचल क्याम्पसबाट एमएडसम्मको अध्यन गरेकी उनी त्यस पालिका, अर्जैवासी, त्यहाँका शिक्षक, अभिभावक र विद्यार्थीले दिएको माया र हौसलाले नै आफू प्रधानाध्यापकसम्मको जिम्मेवारीमा पुग्न सफल भएको बताउँछिन् ।

वार्षिकोत्सवमा उनको वार्षिक प्रतिवेदनको प्रस्तुतिबाट कार्यक्रममा सहभागी महिलाहरु निकै गर्वित देखिन्थे ।

## मदन भण्डारी गोल्डकप भलिबलः

# गुजरातलाई हराउँदै नेपाल पुलिस फाइनलमा



बुटवल । नेपाल पुलिस क्लब बुटवलमा जारी मदन भण्डारी गोल्डकप इन्डो नेपाल पुरुष भलिबल च्याम्पियनशीपको फाइनलमा पुगेको छ । मंगलबार भएको पहिलो सेमिफाइनलमा भारतको गुजरात प्रदेश भलिबल एसोसियसनमाथि संघर्षपूर्ण जित निकाल्दै फाइनलमा पुगेको हो।

पुलिसले गुजरातलाई ३-१ को सेटमा हराएको हो। पुलिसले पहिलो सेट २५-२७ ले गुमाए पनि दोस्रो सेट २५ - १४ ले आफ्नो पक्षमा पारेको थियो।

त्यसपछिको २ सेट पनि पुलिसले २५-२१ र चौथो सेट २७-२५ मा जित्दै फाइनलमा पुगेको हो। अब पुलिसले त्रिभुवन आर्मी क्लब र मणिमुकुन्द भलिबल क्लबबिचको विजेतासँग फाइनल खेल्नेछ।

प्रतियोगिताको विजेताले ७ लाख ५० हजार, दोस्रोले ३ लाख ५० हजार, तेस्रोले १ लाख ७५ हजार र चौथो टोलीले १ लाख रुपैयाँ पाउनेछ।

## साई ग्लोबल कपः

# प्यारामाउण्ट र रूपन्देही क्याम्पस विजयी







भैरहवा । प्यारामाउण्ट कलेज र रुपन्देही क्याम्पस भैरहवामा जारी साई ग्लोबल कप जिल्लास्तरीय अन्तरकलेज टि-२० क्रिकेट प्रतियोगितामा विजयी भएका छन्। मंगलबार भएका दुई खेलमध्ये पहिलो खेलमा प्यारामाउण्टले होराइजन जीबीएसलाई ४९ रन र दोस्रो खेलमा रुपन्देही क्याम्पसले काशी नोबल एकेडेमीलाई ४३ रनले हराउँदै जित निकालेका हुन्।

सिद्धार्थ क्रिकेट मैदानमा भएको पहिलो खेलमा टस हारेर ब्याटिङको निम्तो पाएको प्यारामाउण्टले मौसमका कारण १३ ओभरमा छोट्याइएको खेलमा ६ विकेट गुमाएर १ सय २७ रन बनायो । उसका लागि ऋषभ बेल्बासेले ३८, ड्रूस सुनार र सन्देश थापाले समान १९ र शिव कुँवरले नटआउट १५ रन बनाए। बलिङमा होराइजन जीबीएसका विप्रसन केसी र आरिफ खानले २-२ तथा सुप्रिम बेल्बासेले १ विकेट लिए।

जवाफी ब्याटिङ गरेको होराइजन जीबीएसले ७ विकेटको नोक्सानीमा जम्मा ७८ रन बनायो र हार ब्यहोर्यो। उसका लागि सचिन जिसीले २८, सुनिल लोधले नटआउट १६ र चन्दन राजपुतले १४ रन बनाए पनि अन्य ब्याटर नचल्दा टिमले लक्ष्य भेट्टाउन सकेन । बलिङमा प्यारामाउण्टका तुलबहादुर थापा र शिव कुँवरले २-२ तथा सागर गैह्रे, सन्देश थापा र सागर भण्डारीले १-१ विकेट लिए। खेलमा तुलबहादुर थापा प्लेयर अफ द म्याच भई एक हजार रुपैयाँ प्राप्त गरे।

दोस्रो खेलमा टस जितेर ब्याटिङ गरेको रुपन्देही क्याम्पसले निर्धारित २० ओभरमा ५ विकेटको नोक्सानीमा १ सय ७१ रनको बलियो योगफल बनायो। उसका लागि सन्तोष यादवले अविजित १ सय १५ रनको शतकीय पारी खेले। यस्तै, इमरान खान र अनिककुमार चौधरीले १० रन बनाए। बलिङमा काशी नोबलका सुप्रित घिमिरेले २ तथा सुमन पाण्डे र आदित्य शर्माले १-१ विकेट लिए।

प्रतिउत्तरमा काशी नोबल ५ विकेटको नोक्सानीमा १ सय २८ रन मात्रै बनाउन सक्यो। उसका लागि सेजाद आलमले ३७, सुमन पाण्डेले ३१ र सुप्रित घिमिरेले २६ रन बनाए पनि जितका लागि प्राप्त भएनाबलिङमा रुपन्देही क्याम्पसका बाबुलाल केवटले ४ तथा सन्तोष यादव र शिवकुमार यादवले १-१ विकेट लिए। खेलमा सन्तोष यादव प्लेयर अफ द म्याच भई एक हजार रुपैयाँ पाए।

रुपन्देही क्रिकेट संघको आयोजना र साई ग्लोबल कलेजको मुख्य प्रायोजनामा प्रतियोगिता भइरहेको हो । प्रतियोगिताको विजेता टिमले ५५ हजार, उपविजेताले २५ हजार ५ सय ५५ रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै, प्रत्येक खेलको प्लेयर अफ द म्याचलाई १ हजारसहित प्रमाणपत्र, प्लेयर अफ द सिरिजलाई १० हजारसहित ट्रफी र प्रमाणपत्र प्रदान गरिनेछ।

यस्तै, बेस्ट बलर र बेस्ट बलरलाई जनही ५ हजारसहित ट्रफी र प्रमाणपत्र तथा अनुशासित टीमलाई ट्रफी र प्रमाणपत्र प्रदान गरिने खेल संयोजक उदयकुमार मल्लिकले जानकारी दिए।

मालिका गाउँपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं ।
- पानी उमालेर मात्र पिउने गरौं ।
- आफ्नो नगर एवम् शहर बजार वरपरको वातावरण सफा राखौं ।
- सबैखालका विभेदको अन्त्य गरौं ।
- नगरपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं ।

अनुरोधक :
मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्!
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२१३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रूपन्देही





स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१९५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com